बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**सार्वजनिक निर्माण कार्यान्वयन इकाई**
**गजुरी, धादिङ**
फोन नं: ०१०-४०२१८९, इमेल : pciugajuri@gmail.com

**प्रकाशित मिति २०७९/०८/०९**

## सामुदायिक क्याम्पसको भौतिक सवलीकरण अनुदानका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना ।

चालू आर्थिक वर्ष २०७९।०८० मा यस इकाईको कार्यक्षेत्रभित्र पर्ने काठमाडौ, ललितपुर, नुवाकोट, रसुवा, धादिङ, चितवन र मकवानपुर जिल्लामा सामुदायिक क्याम्पसको भौतिक सवलीकरण गर्ने कार्यक्रम अन्तर्गत जम्मा १२ वटा क्याम्पसहरु छनौट गर्नुपर्ने भएकोले नेपाल सरकारको मान्यता प्राप्त विश्वविद्यालयबाट सामुदायिक क्याम्पसको रुपमा सञ्चालन गर्ने गरी सम्वन्धन प्राप्त गरेका, न्यूनतम ७५ जना विद्यार्थी भएका, भौतिक सवलीकरण गराउनु पर्ने आवश्यक्ता रहेका सामुदायिक क्याम्पसहरुले निर्माण गर्नुपर्ने कार्यको विवरण सहितको प्रस्ताव मिति २०७९/०८/२३ गते भित्र तपशिलका कागजात सहित यस इकाईमा पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीका लागि अनुरोध गरिन्छ ।

**तपशिल**

- माग गरिएको पूर्वाधार निर्माण गर्न पुग्ने क्याम्पसको नाममा जग्गाको लालपूर्जाको प्रतिलिपि वा आफ्नो नाममा लालपूर्जा नभएको अवस्थामा सम्वन्धित स्थानीय तहबाट भौतिक पूर्वाधार निर्माणका लागि क्याम्पसले उपयोग गर्न पाउने जग्गाको सुनिश्चित भएको पत्र
- भौतिक सवलीकरण अनुदानको लागि आवेदन दिएको शीर्षकमा चालु आ.व. मा संघ, प्रदेश र स्थानीय तह वा अन्य कुनै निकायबाट अनुदान प्राप्त नगरेको कुरा सम्वन्धित स्थानीय तहको सिफारिस र क्याम्पस व्यवस्थापन समितिको निर्णयबाट सुनिश्चित भएको प्रमाणित निर्णय प्रति
- क्याम्पसको नियमावली तथा विनियमावली अनुसार सञ्चालक समिति गठन भएको बैठकको प्रमाणित निर्णय प्रति
- सञ्चालित कार्यक्रम (Faculty) को विवरण
- Faculty गत रुपमा सेमेष्टर वा वर्ष (प्रथम, दोस्रो, तेस्रो र चौथो) गतरुपमा छात्रा/छात्र खुल्ने गरी विद्यार्थीहरुको यथार्थ विवरण
    - क. कूल विद्यार्थी सङ्ख्या (छात्रा/छात्र)
    - ख. दलित विद्यार्थी संख्या (छात्रा/छात्र)
- भौतिक सवलीकरण गर्नुपर्ने आवश्यकता पर्नाको औचित्य र कारण सहितको प्रस्ताव
- मुख्य कार्यहरु समेटिएको प्रस्ताव
- डिजाइन र इष्टिमेट गरिएको भए सो सम्बन्धी कागजातहरु

पुनश्चः
उक्त सूचना मन्त्रालयको वेवसाइट www.mosd.bagamati.gov.np मा हेर्न तथा थप जानकारीका लागि यस इकाइमा सम्पर्क गर्न सकिनेछ ।

इकाई प्रमुख